नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२१११९३२, ४२११६६५, ४२११६८७, ४२१११९१५
फ्याक्स : ४२१११९३५
सिंहदरवार, काठमाण्डौं

पत्र संख्या :
च.नं. :

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

मिति: २०८०।०१।०८

## प्रेश विज्ञप्ती

नेपालमा अनुदानमा वितरण हुदै आएको रासायनिक मल आपुर्ति सम्बन्धमा केहि संचार माध्यममा भ्रामक समाचार प्रकाशित भएकोमा यस मन्त्रालयको गम्भिर ध्यान आकर्षण भएको छ। यस सम्बन्धमा सत्य तथ्य विवरण तपशिल अनुसार भएको ब्यहोरा सबैको जानकारीको लागि अनुरोध छ । साथै रासायनिक मल जस्तो आम नागरिकको खाद्य सुरक्षा र श्रमजीवि कृषकको जिविकोपार्जनसंग प्रत्यक्षरुपमा जोडिएको संवेदनशिल विषयमा तथ्यपरक ढंगले विश्लेषण गरेर मात्र समाचार प्रकाशन/प्रसारण गरिदिनुहुन समेत आम सञ्चार माध्यम समक्ष मन्त्रालय अनुरोध गर्दछ।

- सामान्यतया कृषि सामग्री कम्पनि लि.को अन्तर्राष्ट्रिय बजारबाट रासायनिक मल आपुर्तिको औसत समय संृखला टेण्डर आव्हान भएको दिन देखि गोदाम सम्म आईपुग्न करिव २२६ दिनको रहेको छ भने साल्ट ट्रेडिंग कर्पोरेशनले आफ्नो नियमावली/निर्देशिका अनुसार गर्ने भएकोले यो अवधि तुलनात्मक रुपमा केही छोटो रहेको छ।
- बाली लगाउने सिजन अनुसार समयमा नै रासायनिक मल आपूर्ति सुनिश्चित गर्न अन्तराष्ट्रिय बजारबाट रासायनिक मल खरिद प्रक्रिया कम्तिमा पनि ७ महिना अगाडी सुरु गर्नु पर्ने आवश्यक हुन्छ र अर्को आ.व.को प्रथम चौमासिकमा आवश्यक हुने मलको खरिद प्रक्रिया समेत यसै आ.व.मा शुरु गर्नु पर्ने हुन्छ।
- अर्थमन्त्रालयबाट हुने स्रोत सुनिश्चततामा बजेटको निकासा नभएर दायित्व सृजना भएपछि मात्र रकम निकासा गर्ने गरिएको हुन्छ।
- बजेट निकासा भएपछि मात्र खरिद प्रक्रिया सुरु गर्दा लामो आपुर्ति श्रृखलाको कारणले मल समयमा आपुर्ति हुन सक्दैन। यसरी मल खरिद प्रक्रिया कम्तिमा पनि ४ महिनाको उधारो चक्रमा चल्दै आएको छ।
- आ.व. २०७९/८० को लागि मन्त्रालयले प्रक्षेपण गरेको रासायनिक मलको हालसम्मको अनुमान अनुसार न्युनतम प्रभावकारी माग ५ लाख २० हजार मे.टन रहेको र सोहि अनुसार मन्त्रालयले खरिद योजना बनाई कार्यान्वयन गरी आएको छ।
- आ.व. २०७९/८० लागि शुरुमा विनियोजित बजेट रु १५ अर्व ६ लाख रकम गत आ.व.मा खरिद प्रक्रियामा गएको र G to G अन्तरगत पहिलो लटमा खरिद भएको मलको भुक्तानिमा खर्च भएको र रु. २२५ करोड स्रोत फुकुवा हुन नसकेको कारणले अझै निकासा हुन नसकेको अवस्था समेत रहेको छ।
- अर्थ मन्त्रालयको मिति २०७९/०४/२७ को पत्र अनुसार रु.१६ अर्बको स्रोत सहमति प्रदान गर्ने र दायित्व सृजना भएपछी यथार्थ खर्चको आधारमा भुक्तानी गर्न मन्त्रालयको विनियोजित बजेट मध्येबाट खर्च नभई बाँकि रहेको रकमबाट स्रोत व्यवस्थापन गर्ने, त्यसरी व्यवस्थापन हुन नसकेमा मात्र



CamScanner

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

- तेस्रो/चौथो त्रैमासिकमा नपुग रकम निकासा माग गर्ने गरी थप मल खरिद गर्न श्रोत सहमति प्राप्त भएको र रकम बाँडफाँड गरी जम्मा १ लाख ६४ हजार ५ सय मे.टन मल आपूर्ति व्यवस्थापनको लागि मिति २०७९/५/०६ को बैठकबाट दुवै कम्पनीलाई निर्देशन दिईएको हो।
- असार महिनालाई चाहिने जम्मा थप ९० हजार मे.टन मल खरिदको लागि अर्थ मन्त्रालयको मिति २०७९/११/०८ को पत्रानुसार चालु आवको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विनियोजित रकमबाट रकमन्तर, आगामी आर्थिक बर्षको सिलिङ्ग र दायित्व सिर्जना भएपश्चात थप निकासाका लागि अर्थ मन्त्रालयमा लेखि पठाउने गरी स्रोत सुनिश्चतता भएको हो।
- यस विचमा, G to G प्रावधान बमोजिम कृषि सामग्री कम्पनि लिमिटेड र भारत सरकारको राष्ट्रिय केमिकल्स एण्ड फर्टिलाईजर्स बीच भएको सम्झौता अनुसार अग्रीम भुक्तानी गर्नुपर्ने व्यवस्था भएको र स्रोत सहमति दायित्व सृजना भई सके पछि निकासा हुने गरी भएकोले दोश्रो लटको G to G मल खरिद प्रकियामा तत्काल जान नसकिएको तर श्रोतको सहजता हुने वितिकै दुवै देश विचको सम्झौता अनुरुप जाने गरी वैकल्पिक तयारी मन्त्रालयबाट समानान्तर रुपमा भैरहेको छ।
- असार महिनामा मल आपूर्तिको लागि स्रोत सहमति प्राप्त भएको रु ७ अर्ब ५० करोड बाट अषाढ महिना भित्र मल आपुर्ति गर्न सकिने /नसकिने जानकारी गराउन दुवै कम्पनिलाई मन्त्रालयबाट अनुरोध गरिएकोमा कृषि सामग्री कम्पनी लि. को २०७९/११/१५ को पत्र अनुसार सो समय भित्र आपूर्ति गर्न नसिकने व्यहोरा अनुरोध गरेको र साल्ट ट्रेडिंग कर्पोरेसनबाट आफ्नो खरिद नियमावली अनुसार खरिद गर्न सकिने व्यहोराको पत्र प्राप्त भएको।
- अर्थमन्त्रायबाट दायित्व सृजना भए पछि मात्र रकम निकासा हुने गरी स्रोत सुनिश्चतता भएको, G to G खरिदमा अग्रिम भुक्तानिको प्रावधान भएको, कृषि सामग्री कम्पनि लिमिटेडले अषाढ महिना भित्र ल्याउन नसकिने व्यहोरा अनुरोध गरेकोमा मुख्य खेतिको सिजन बर्षायामको बाली लगाउने सिजनमा मलको अभाव हुन नदिन कुनै अन्य उपयुक्त विकल्प नभएकोले एक पटकको लागि कृषि सामग्री कम्पनि लिमिटेडको कोटामा परेको २०,००० मे टन युरिया र २०,००० मे टन डिएपि आषाढ मसान्त भित्र आपूर्ति हुने गरी साल्ट ट्रेडिङ्ग कर्पोरेशनलाई थप खरिद गर्न निर्देशन दिने निर्णय भएको हो।
- यसरी यस आ.व.मा अन्तरराष्ट्रिय मलको बजारमा भएको मुल्यको उतारचढाव तथा शुरुमा विनियोजन भएको बजेटको अप्रयाप्तता विच मन्त्रालयले अर्थमन्त्रालय र अन्य सरोकारवालाहरु संगको समन्वयमा रासायनिक मलको अभाव नहुने गरी आपुर्ति व्यवस्थाको लागि अथक प्रयास गरेको छ। आगामी आ.व.बाट शुरुमै रासायनिक मलको खरिदको लागि आवश्यक हुने बजेट नेपाल सरकारको स्रोतबाट नै विनियोजन गरी भारत सरकारबाट G to G प्रक्रियाबाट र नियमित टेण्डर प्रक्रियाबाट खरिद गरिने प्रक्रियालाई समयमै सम्पन्न गर्ने गरी बजेट विनियोजन प्रक्रिया अगाडि बढाएको छ।

२०८०/०१/०८

(प्रकाशकुमार सन्जेल)
सह-सचिव /प्रवक्ता



CS CamScanner